**"समानता कायम गर्दै आदिवासी जनजातिको अधिकार कार्यान्वयन गर्"**
*आदिबासी जनजातिको अडान ! पहिचान सहितको संघीय संविधान !!*

# यही २०७१ श्रावण २४ गते मध्यान्ह १२:०० बजे, टुँडीखेल जाऔं !
# २०औं विश्व आदिबासी दिवस २०१४ को मूल समारोहमा सहभागी होऔं !!

## नेपाल आदिवासी जनजाति महासंघको अभियान किन ????

- सदियौं देखि दबाईएको आदिवासी जनजातिहरुको पहिचान, इतिहास, भाषिक, साँस्कृतिक, धार्मिक, श्रोत र भूमि माथिको अधिकार पुनः प्राप्त गर्न ।
- पहिचान सहितको संघीयता र संविधानसभाबाटै संविधान जारी गराउन ।
- राज्य पुनःसंरचना गर्दा आदिवासी जनजातिहरुको पुर्ख्यौली थातथलो तथा वसोवासको क्षेत्रलाई विभाजन गर्न नदिन ।
- अल्पसंख्यक, सीमान्तकृत आदिवासी जनजातिहरुको स्वायत्त क्षेत्र, स्वायत्त इलाका र विशेष संरक्षित क्षेत्रहरु सुनिश्चित गर्न ।
- पहिलो संविधानसभामा सहमति भएका सबै विषयहरुलाई दोश्रो संविधानसभालाई पूर्ण रुपमा अपनत्व ग्रहण गराउन ।
- नेपाल आदिवासी जनजाति महासंघ र आदिवासी जनजाति संयुक्त संघर्ष समिति र नेपाल सरकार बीच भएको २० बुँदे र ९ बुँदे, सम्झौता कार्यान्वयन गराउन ।
- पहिलो संविधानसभामा राज्य पुनःसंरचना समितिले प्रस्ताब गरेको प्रतिवेदनलाई दोश्रो संविधानसभालाई अपनत्व ग्रहण गराउन ।
- राज्यको श्रोत साधनमा पहुँच र नीति निर्माण तहमा जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न ।
- अन्तरिम संविधानको धारा ६३ (ग)मा व्यवस्था भए अनुसार संविधानसभामा प्रतिनिधित्वबाट बञ्चित भएका आदिवासी जनजातिहरुलाई प्रतिनिधित्व गराउन ।
- अन्तराष्ट्रिय सामु प्रतिवद्धता जाहेर गरेको आदिवासी जनजातिहरुको अधिकार सम्वन्धि संयुक्त राष्ट्र संघको घोषणा पत्र अनुरुप अधिकार प्राप्त गर्न ।
- अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ अनुसार प्राकृतिक श्रोत माथिको पूर्ण अधिकार प्राप्त गर्न ।
- राज्यको श्रोत साधनमा आदिवासी जनजातिहरुको समान पहुँच र समन्यायिक बाँडफाँड सुनिश्चित गराउन ।
- आदिवासी जनजाति महिलाहरुलाई अन्य महिलाहरु सरह नीति निर्माण तहमा समान पहुँच, अधिकार र प्रतिनिधित्व सुनिश्चित गराउन ।
- सूचिउन्मुख आदिवासी जनजातिहरुलाई सुचीकृत गराउन ।
- आदिवासी जनजातिहरुको मातृभाषालाई राष्ट्र भाषाको मान्यता दिलाउन ।
- आदिवासी जनजाति यूवाहरुलाई स्वदेशमै रोजगारको सुनिश्चित गराउन ।
- निर्धारित समयमा नै सबैखाले अधिकार सम्पन्न संविधान जारी गराउन ।
- संयूक्त राष्ट्र संघको आदिवासी जनजाति सम्बन्धि स्थायी मञ्चको नारालाई कार्यानव्यन गराउन ।

**२० औं अन्तर्राष्ट्रिय विश्व आदिबासी दिवस २०१४**

# 20th International Day of the World Indigenous Peoples

**कार्यक्रम तालिका**

**यही २०७१ साल श्रावण २४ गते विहान १२:०० बजे टुँडीखेल जाऔं !**

**आदिबासी जनजातिको साँस्कृतिक झलक सहितको विश्व आदिवासी दिवस २०१४ भव्य रुपले सफल पारौं !!**

**पत्रकार सम्मेलन**

मितिः श्रावण १५ गते अपरान्ह ३.०० बजे, स्थानः फोनिजको कार्यालय

**खेलकूद कार्यक्रम**

**छेलो र आर्चरी/तारो तथा विभिन्न आदिबासी खेलः** मितिः श्रावण १७ गते, अपरान्ह १२.०० बजे, स्थानः नेपाल आदिबासी जनजाति महासंघको प्राङ्गण

**फुटबल प्रतियोगिताः** मितिः श्रावण २०-२२ गते, अपरान्ह ११.०० बजे, स्थानः Labrotary Football Ground कीर्तिपुर

**संघीय समाबेशी शिक्षा प्रणालीको आबश्यकता र चुनौति विषयक वृहत अन्तरक्रियाकार्यक्रम**

श्रावण १८ गते, विहान ११:०० बजे, स्थानः त्रि.वि.वि. कीर्तिपुर, आयोजकः नेपाल आदिबासी जनजाति विद्यार्थी महासंघ

**पुनर्मिलन तथा सम्मान कार्यक्रम** (महासंघका पुर्व पदाधिकारी तथा सदस्य संगठनहरुका संस्थापक)

श्रावण १९ गते, स्थानः नेपाल आदिबासी जनजाति महासंघको प्राङ्गण, अपरान्ह २:०० बजे

**विचार गोष्ठी (नयाँ संविधानमा आदिबासी जनजाति महिलाको अधिकार सुश्चितका लागि आदिबासी जनजाति महिला सभासदहरुको भूमिका)**

श्रावण १९ गते विहान ११:०० बजे, स्थानः अल्पाइन बैंक्यैट, पूरानो बानेश्वर, काठमाडौं, आयोजकः राष्ट्रिय आदिबासी जनजाति महिला महासंघ

**नयाँ संविधानमा आदिबासी जनजाति महिलाहरुको हक अधिकार विषयक विचार गोष्ठी**

श्रावण २० गते मध्यान्ह १२:०० बजे, स्थानः प्रज्ञा भवन, आयोजकः नेपाल आदिबासी जनजाति महासंघ, महिला विभाग

**राजनैतिक दलका शीर्ष नेतृत्वसँग वृहत अन्तरक्रिया कार्यक्रम**

श्रावण २१ गते अपरान्ह २:०० बजे, स्थानः किराँत याक्थुङ चुम्लुङ, ललितपुर

**कुटनैतिक नियोगसँग छलफल कार्यक्रम**

श्रावण २२ गते विहान ८:०० बजे, स्थानः युनियन हाउस

**पहिचान र संघीयता, राज्यको युवा नीति र युवा राष्ट्रिय परिषद विषयक वृहत अन्तरक्रिया कार्यक्रम**

श्रावण २२ गते विहान ११:०० बजे, स्थानः प्रज्ञा प्रतिष्ठान, आयोजकः आदिबासी जनजाति युवा महासंघ,

**राज्यको पूनर्संरचना र तमूवान प्रदेश विषयक एक दिवशीय अन्तरक्रिया कार्यक्रम**

श्रावण २२ गते दिउँसो १ बजे, स्थानः तमू ह्यूलको सभाहल, आयोजकः तमूवान प्रदेश संयुक्त मोर्चा

**अन्तर्राष्ट्रिय संघ/संस्थासँग छलफल कार्यक्रम**

श्रावण २२ गते साँझ ४:०० बजे, स्थानः युनियन हाउस

**वृहत जलपान कार्यक्रम**

श्रावण २३ गते अपरान्ह ३:०० बजे, स्थान : नेपाल आदिबासी जनजाति महासंघको प्राङ्गण

**वृहत साँस्कृतिक र्‍याली/झाँकी र साँस्कृतिक झलक सहितको मूल समारोह**

श्रावण २४ गते मध्यान्ह १२:०० बजे, टुँडीखेल, काठमाडौं

**(वृहत साँस्कृतिक र्‍याली/झाँकी ११ बजे शान्तिबाटिकाबाट सुरु हुनेछ ।)**

**स्थापना दिवस तथा पुरस्कार वितरण कार्यक्रम**

श्रावण २७ गते, प्रभातफेरी विहान ७:०० बजे भृकुटीमण्डपबाट, मूल समारोह विहान ९:०० बजे, स्थानः प्रज्ञा प्रतिष्ठान, आयोजकः नेपाल आदिबासी जनजाति पत्रकार महासंघ

***अरुको अधिकार खोस्दैनौं, हाम्रो अधिकार छोड्दैनौं ।***

धन्यवाद !

नेपाल आदिबासी जनजाति महासंघ, २० औं विश्व आदिबासी दिवस मूल समारोह आयोजक समिति